# रोङ गाउँपालिका

# रोङ राजपत्र

खण्ड : २ | संख्याः १० | प्रकाशित मितिः २०७५/०९/०९

## भाग-२

## ज्येष्ठ नागरिक पाीचय-पत्र वितरण निर्देशिका, २०७५

रोङ गाउँपालिका
२०७३

## ज्येष्ठ नागरिक पाीचय-पत्र वितरण निर्देशिका, २०७५

कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०७५/०९/०६ गते

**१) परिचयः** ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेका ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सदभाव अभिवृद्धि गर्न साथै राज्यद्धारा तोकिएको सेवा एंव सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८ को क्र.सं. १६ बमोजिमको कार्यलाई कार्यान्वयन गर्ने उद्देश्यका साथ ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७५ जारी गरिएको छ ।

**२) परिचय-पत्र वितरणका आधारः** नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय-पत्र दिने व्यवस्था ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन् ।

**३) उद्देश्यः** क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहको प्रत्येक वडादेखि नै ज्येष्ठ नागरिक लगत राख्ने ।
ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकहरुलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।
ग) प्रचलित ऐन, नियमानुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

**४) लक्षित वर्गः** ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसार साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

**५) ज्येष्ठ नागरिकको वर्गीकरणः** ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहाय बमोजिम गरिएको छः

- क) सत्तरी वर्ष उमेर पुरा नगरेका ज्येष्ठ नागरिक,
- ख) सत्तरी वर्ष उमेर पूरा गरेका बरिष्ठ ज्येष्ठ नागरिक,
- ग) असाहय ज्येष्ठ नागरिक,
- घ) अशक्त ज्येष्ठ नागरिक,
- ङ) एकल ज्येष्ठ नागरिक ।

**६) परिचय-पत्र वितरणका मापदण्डः** ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

**७) ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचाः** ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को अनुसूची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची १ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय-पत्रको आकार (Size) नेपाली नागरिताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ ।

**८) परिचय-पत्र वितरण प्रक्रियाः** क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेका ज्येष्ठ नागरिक स्वयं वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहका प्रमुख समक्ष निवेदन दिनुपर्नेछ ।
ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुईप्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्रलाई आधार मानिनेछ ।
ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको कार्यकारी प्रमुख वा निजले तोकेको पदाधिकारी हुनेछ ।
घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत तोकिए बमोजिमको सफट्वेयरमा कम्प्युटरराईज गरी गाउँपालिकाको कार्यालयमा राखी वार्षिक रुपमा प्रदेश र संघका सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।
ङ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिस वा वडाको सिफारिस सहित सम्बन्धित स्थानीय तहमा निवेदन पेश गर्नुपर्ने छ ।

**९) विविधः** क) ज्येष्ठ नागरिक परिचय-पत्र वितरणको लागि सम्बन्धित स्थानीय तहले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।
ख) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लेखित व्यवस्था बाहेक प्रचलित कानूनको अधीनमा रही प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरे बमोजिम हुनेछ ।

# अनुसूचि १

ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा

**ज्येष्ठ नागरिक परिचय-पत्र**

प.प.नं. :

नाम थर : ..............................
ना.प्र.नं. : .............
ठेगाना : जिल्ला ......................... गा.पा......................... वडा नं. ................ टोल/गाउँ .........................
उमेर : ............................. लिङ्ग .............................
उपलब्ध छुट तथा सुविधाहरु :.........................................
पति/पत्निको नाम : .....................................
हेरचाह केन्द्रमा बसेको भए सोको विवरण : ...............................
संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोबाइल नं. .......................................................
...........................................................................................................
रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधीको नाम : ......................................
...............................................

**प्रमाणित गर्ने अधिकृतको दस्तखत :**
**नाम थर :**
**पद :**
**कार्यालय :**

आज्ञाले,
डिक प्रसाद दाहाल
रोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत